# लोक सेवा आयोग
# बागलुङ कार्यालय, बागलुङ
## परीक्षा केन्द्र कायम गरिएको सूचना

फोन: नं. : ०६८-५२२६४७
फ्याक्स : ०६८५२०१४७
Email: baglung@psc.gov.np

**सूचना नं. २/०७८।०७९ मिति २०७८।०४।०८**

लोक सेवा आयोग, केन्द्रीय कार्यालय, काठमाण्डौंको विज्ञापन नं. १६६९५-१६७०१/२०७७-७८ (खुला/समावेशी) एकीकृत तथा संयुक्त परीक्षा प्रणाली अन्तर्गत रा.प. तृतीय श्रेणी (अप्राविधिक) शाखा अधिकृत वा सो सरह पदको **परीक्षा केन्द्र बागलुङ** राखी Online दरखास्त स्वीकृत भएका सम्पूर्ण उम्मेदवारहरूको प्रथम चरणको प्रतियोगितात्मक लिखित परीक्षा पूर्व निर्धारित परीक्षा कार्यक्रम अनुसार देहाय बमोजिमको मिति, समय र स्थान (परीक्षा केन्द्र) मा सञ्चालन हुने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**परीक्षा कार्यक्रम:**

| क्र. सं. | परीक्षा मिति र समय | विषय | उम्मेदवार संख्या | परीक्षार्थीको रोल नं. | परीक्षा केन्द्र |
|---|---|---|---|---|---|
| १ | २०७८/०४/२३ गते बिहान ७:३० बजे | प्रथम पत्र (प्रशासनिक अभिरुची परीक्षण) | २०० | ५१०००१ देखि ५१०२०० सम्म | **धवलागिरी बहुमुखी क्याम्पस, बागलुङ** |
| | | | २०७ | ५१०२०१ देखि माथि सबै | **विद्यामन्दिर माध्यामिक विद्यालय, राधाकृष्ण टोल, बागलुङ** |

**द्रष्टव्य :**

- प्रवेश पत्र बिना उम्मेदवारहरूलाई परीक्षामा समावेश नगराइने हुँदा **प्रवेश पत्र अनिवार्य** रुपमा लिएर आउनुपर्नेछ ।
- परीक्षा सञ्चालन हुनुभन्दा **१ घण्टा अगावै** उम्मेदवारहरू परीक्षा भवनमा आइपुग्नु पर्नेछ ।
- परीक्षामा उम्मेदवारहरूले अनिवार्य रुपमा **कालो मसी** प्रयोग गर्नुपर्नेछ ।
- परीक्षा भवनमा झोला र मोबाइल, क्याल्कुलेटर लगायतका इलेक्ट्रोनिक्स डिभाइस निषेध गरिएको छ ।
- परीक्षा सञ्चालन हुने दिन सार्वजनिक विदा पर्न गएमा पनि लोक सेवा आयोगको पूर्व सूचना बिना परीक्षा कार्यक्रम स्थगित हुने छैन ।
- परीक्षार्थीले परीक्षा केन्द्रमा आउँदा नेपाली नागरिकताको प्रमाणपत्र वा सरकारी कार्यालयबाट जारी भएको फोटो सहितको कुनै एकको सक्कलै प्रमाण पत्र अनिवार्य रुपमा साथ लिई आउनु पर्नेछ ।

**संक्रमणको विशेष अवस्थामा परीक्षा (संचालन तथा व्यवस्थापन) सम्बन्धी मापदण्ड, २०७७ अनुसार परीक्षार्थीले तपशिलमा उल्लेखित विषयहरुको पूर्ण पालना गर्नुपर्नेछ ।**

(१) परीक्षा केन्द्रमा प्रवेश गर्दा उम्मेदवारले अनिवार्य रुपमा माक्स लगाई प्रवेश गर्नु पर्नेछ । साथै आफ्नो प्रयोजनको लागि आवश्यक स्यानिटाइजर तथा खानेपानीको व्यवस्था आफैंले गर्नुपर्नेछ ।
(२) परीक्षार्थीहरूले परीक्षामा खटिएका जनशक्तिले दिएको निर्देशनको पूर्ण पालना गर्नु पर्नेछ ।
(३) परीक्षार्थीहरू परीक्षा केन्द्रमा प्रवेश गर्दा, बाहिर निस्कदा, शौचालय प्रयोग गर्नुपर्दा भिडभाड नगरी दूरी कायम गरी क्रमैसँग तोकिएको स्थानमा जानु पर्नेछ ।
(४) कोभिड-१९ बाट संक्रमित भएको अवस्थामा सम्पर्क नं. ९८५७६२३१४७, इमेल (baglung@psc.gov.np) वा निवेदनको माध्यमबाट सम्बन्धित उम्मेदवारले सोको जानकारी परीक्षा मिति भन्दा दुई दिन अगाडी सम्ममा लोक सेवा आयोग, बागलुङ कार्यालयमा गराउनु पर्नेछ । संक्रमित उम्मेदवारहरूको लागि लोक सेवा आयोग, बागलुङ कार्यालयमा छुट्टै विशेष केन्द्रको व्यवस्था गरिएको छ ।

| ........................ | ........................ | ........................ |
|---|---|---|
| पिताम्बर बिरकट्टा | भुवनहरि अधिकारी | खिमाकुमारी पोखरेल |
| (कम्प्यूटर अपरेटर) | (शाखा अधिकृत) | (उप सचिव) |